# घरेलु आगलागी सुरक्षा
## तथ्यपत्र

Tasmania Fire Service

## धूवाँ संसूचक



### याद गर्नुहोस्: चालू हालतको धूवाँ अलार्मले मात्र पनि जीवन बचाउँछ!

तपाई धूवाँ अलार्मबिना घरको आगोमा मर्ने सम्भावना बढी हुन्छ, विशेषगरी सुतेको बेला। जब तपाई निद्रामा हुनुहुन्छ, तपाई आफ्नो सुघ्ने क्षमता गुमाउनुहुन्छ।

धूवाँ अलार्मले तपाईलाई आगोको प्रारम्भिक चेतावनी प्रदान गर्दछ र तपाईलाई सुरक्षित रूपमा भाग्न समय दिन्छ।

## तस्मानिया फायर सेवाले निम्न कुराहरू सिफारिस गर्दछ:

- **मान्छे सुत्ने प्रत्येक कोठामा धुवाँ अलार्म (सचेतक) राख्नुहोस् ।** यसलाई हलवे, बस्ने क्षेत्रहरू, ग्यारेज, र सिढीको माथि पनि राख्नुहोस्।
- **१० बर्ष लामो आयु भएको लिथियम ब्याट्रीको** साथ फोटोइलेक्ट्रिक धूवाँ अलार्म स्थापना गर्न।
- एक आपसमा जोडिएका घुँवा अलार्महरू राख्नुहोस् ताकि यदि कुनै अलार्म सक्रिय भएमा सबै स्मोक अलार्महरू बज्नेछन्।
- धुवाँ अलार्म जाँच गर्नुहोस् र 'देलाइट सेभिंग' (शरद ऋतुमा) समाप्त हुँदा ब्याट्रीहरू बदल्नुहोस्।
- ग्यास उपकरणहरू र/वा काठको हिटर भएका कोठाहरूको लागि कार्बन मोनोअक्साइड अलार्मलाई राख्ने।
- सबै काराभ्यान, डुङ्गा र अन्य चल्ने सम्पत्तिमा जहाँ मानिसहरू सुत्न सक्छन् त्यहाँ धुवाँ अलार्म राख्नुहोस्।
- **प्रत्येक 10 वर्षमा धुवाँ अलार्म बदल्नुहोस्।** अष्ट्रेलियाको मापदण्डहरू पूरा गर्ने अलार्म किन्नुहोस् ।

Certified Product™ Australian Standard





घरको प्रत्येक तहमा पर्खाल वा अन्य कुनै वस्तुबाट कम्तिमा ३० सेन्टिमिटर टाढा छानामा स्थापना गर्नुहोस् ।


# धूवाँ संसूचक

## स्मोक अलार्म राख्दा

- **कानूनी आवश्यकता:** सबै हलवेहरूमा धुवाँको अलार्म राख्नुपर्छ। धेरै तल्लाहरू भएको घरहरूमा सबै सिँढीहरूको माथि धुवाँ अलार्म राख्नुपर्छ।
- **तस्मानिया फायर सर्भिसको सिफारिस:** निम्न अतिरिक्त स्थानहरूमा धुवाँ अलार्महरू राख्नुपर्छ।
- **तस्मानिया फायर सेवाले सिफारिस गर्दछ:** ग्यास उपकरणहरू र काठको हिटरहरूको लागि कार्बन मोनोअक्साइड अलार्म।



बहुतले घर




एक तले घर

# धूवाँ संसूचक



परीक्षण गर्न, प्रत्येक महिना धुवाँ अलार्ममा रहेको परीक्षण बटन थिच्नुहोस्, र 'बीप, बीप, बीप' आवाज पर्खनुहोस् । यदि यसले बीप गर्छ भने, यसको मतलब तपाईंको धुवाँ अलार्मले अझै काम गरिरहेको छ ।



यदि तपाईंले ब्याट्री फेर्नुपर्ने अलार्म राख्नु भएको छ भने, प्रत्येक वर्ष ब्याट्री फेर्न नबिर्सनुहोस् । हरेक 10 वर्षमा सबै धुवाँ अलार्महरू बदल्नुहोस् ।

## केही धूवाँ अलार्मलाई एक योग्य इलेक्ट्रिसियनद्वारा स्थापित गर्न आवश्यक हुन सक्छ । निर्माताको सिफारिसहरू पालना गर्नुहोस् ।

## उपयोगी सुझावहरू

- यदि तपाईं धुवाँ अलार्म परीक्षण गर्न हातले भ्याउनु हुन्न भने, यसको बटन थिच्न तपाईं कुचोको ह्यान्डल जस्ता लठ्ठी प्रयोग गर्न सक्नुहुन्छ ।
- **धूवाँ अलार्ममा धूलो जम्न सक्छ।** नरम ब्रशको साथ भ्याकुम प्रयोग गरेर तपाईंको धूवाँ अलार्मवरिपरिको धूलो हटाएको सुनिश्चित गर्नुहोस् ।
- यदि तपाईंको स्मोक अलार्मले एकल, कहिलेकाँही आवाज निकाल्छ भने, यसलाई सफा गर्न आवश्यक पर्दछ, ब्याट्री परिवर्तन गर्न आवश्यक हुन सक्छ, वा स्मोक अलार्म दोषपूर्ण हुन सक्छ र बदल्नु पर्छ ।
- वृद्ध व्यक्ति वा अपांगता भएका व्यक्तिहरूको लागि स्मोक अलार्म व्यक्तिगत अलार्म प्रणालीमा जडान हुनुपर्दछ ।
- साना बच्चाहरू धूवाँको अलार्मको आवाजको बजे पनि सुतिरहने सम्भावना हुन्छ, त्यसैले तपाईंले तिनीहरूलाई आगोको बारे सचेत गराउनु पर्छ र उनीहरूलाई सुरक्षाका लागि भाग्न मद्दत गर्नुपर्दछ ।
- धूवाँ अलार्मलाई एक आपससँग जडान गर्नुहोस् ताकि जब एउटा बज्ने बित्तिकै सबै बज्न थाल्छ र त्यसले तपाईंलाई र तपाईंको परिवारलाई आगो लागेको खण्डमा सकेसम्म चाँडो सचेत गराउँदछन् ।